नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ७/२०७५-७६** **मितिः २०७५/०५/३१**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र : १/२०७४ को बुँदा १.८ अन्तर्गत देहाय बमोजिम १.८.४ थप गरिएको छ ।**

१.८.४.कृषि सामग्री कम्पनी लिमिटेड वा राष्ट्रिय बीउ विजन कम्पनी लिमिटेडले ग्लोवल टेण्डर मार्फत् स्वीकृत गरेको वोलपत्रबाट मल, वीउ आयात गर्दा तेस्रो मुलुकमै निर्मित भई तेस्रो मुलुकबाटै Shipment हुने अवस्थामा ग्लोबल टेण्डर पर्ने भारतीय फर्म कम्पनीको नाममा पनि विद्यमान व्यवस्था बमोजिम परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्ने गरी प्रतित पत्र खोल्न सकिनेछ ।

भवदीय

(ईश्वरीप्रसाद न्यौपाने)
का.मु.कार्यकारी निर्देशक

बोधार्थः

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ